म.प.बै.सं. ८।०८१

**संवत् २०८१ साल असार १ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः**

१. अर्थ मन्त्रालयः राजश्व र व्ययको अनुमान २०८१ प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।
२. अर्थ मन्त्रालयः मधेश प्रदेशको आर्थिक विधेयक, २०८१ प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।
३. अर्थ मन्त्रालयः प्रदेश विनियोजन ऐन, २०८१ प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।

म.प.बै.सं. ९।०८१

## संवत् २०८१ साल असार ६ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश नीति आयोगको उपाध्यक्ष नाथु प्रसाद चौधरीको राजीनामा मन्त्रिपरिषद्को निर्णय मितिबाट लागु हुने गरी स्वीकृत गर्ने र जनकपुरधाम उ.म.न.पा., वडा नं. १, धनुषा स्थायी ठेगाना भएका सोहन प्रसाद साहलाई प्रचलित कानून बमोजिम सेवा सुविधा पाउने गरी प्रदेश नीति आयोगको उपाध्यक्ष पदमा नियुक्ति गर्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः मधेश प्रदेश सरकारले मधेश प्रदेशको समग्र आर्थिक र सुशासन लगायतका वर्तमान अवस्थाको बारेमा ३०(तीस) दिन भित्र श्वेत पत्र जारी गर्ने र सोको जिम्मेवारी प्रदेशको नीति आयोगलाई दिई सबै मन्त्रालय र प्रदेशका निकायहरुले आवश्यक तथ्याङ्क संकलनको लागि समन्वय र सहयोग गर्ने।

म.प.बै.सं. १०।०८१

## संवत् २०८१ साल असार १६ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. गृह, सञ्चार तथा कानून मन्त्रालयः माननीय सभामुख श्री रामचन्द्र मण्डलज्यूको विदेशमा गई गरिएको उपचार बापतको रकमको सोधभर्ना गर्न सहमति प्रदान गर्ने र निजको उपचारमा लागेको खर्च प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १४ को उपदफा (३) बमोजिम स्वीकृत गर्ने ।

२. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयः डा. अजय कुमार यादवको तलबी अध्ययन बिदा स्वीकृत गर्ने।

म.प.बै.सं. ११।०८१

## संवत् २०८१ साल असार १९ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयः मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, जनकपुरधाममा एम.बी.बी.एस. कार्यक्रम संचालनको लागि अनुमति प्रदान गर्ने।

२. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयः शहीद सूर्यनाथ राना स्मृति अस्पताल, डुमरिया, धनुषा, पोखरिया अस्पताल, पर्सा, शहीद राजीव रामकृष्ण प्रादेशिक अस्पताल, भारदह, सप्तरी र बैजनाथ आमा तथा बाल अस्पताल, धनकौल, सर्लाही मधेश प्रदेश सरकार अन्तर्गत राखी संचालन गर्न स्वीकृति दिने।

म.प.बै.सं. १२।०८१

**संवत् २०८१ साल असार २० गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः श्री श्रवण कुमार नायक (क.सं.नं. १८६५८३) लाई स्वास्थ्य सेवा, हेल्थ इन्सपेक्सन समूह, अधिकृत एघारौं तह (प्राविधिक), निर्देशक पदमा मिति २०८०।०९।०२ देखि ज्येष्ठता कायम हुने गरी बढुवा नियुक्ति गर्ने।